## प्रस्थान

**सन्देश :**

परमेश्वरले आफ्ना जनहरूलाई उद्धार गरेर ईस्राएल राष्ट्रसँग सम्बन्ध स्थापना गर्नुहुन्छ र यस सम्बन्धलाई कायम राखिराख्न र पुर्नस्थापना गर्न आवश्यक साधन/स्रोतहरू पनि प्रदान गर्नुहुन्छ ।



**शीर्षक :**

(Exodoi) "प्रस्थान" ग्रीक व्युत्पन ल्याटिन शब्द हो । (Exodus) सेप्टूआजेन्टमा दिईएको नाम हो । यो नामको अर्थ "बाहिरिनु, बाहिर जानु, अथवा छुट्टिनु" । हिब्रूमा यो पुस्तकलाई यसको पहिलो दुई शब्दहरूबाट नाम दिईएको छ (twmv hlaw) (we'elleh shemoth) ("यी नामहरू") । उत्पत्ति ४६:८ मा दुरुस्तै हरफहरूको प्रयोग गरिएको छ जहाँ ईस्राएलीहरूको नामहरूको परिचय दिईएको छ "जोहरू याकूबसँग मिश्रमा गएका थिए" (प्रस्थान १:१) ले यो स्पष्ट हुन्छ कि यो सोही कथाको निरन्तरता नै हो ।

**लेखक :**

उत्पत्तिको "लेखक"मा हेर्नुहोस् :

यसबाहेक प्रस्थानको पुस्तकमा विशेष गरी केही मूख्य भागहरूमा मोशाले लेखेका हुन् भन्ने संकेत पाईन्छ (१७:१४; २४:४;३४:२७) । यहोशू ८:३१ ले प्रस्थान २०:२५ को आज्ञालाई बुझाउँदछ, "जुन मोशाले व्यवस्थामा लेखेका थिए"। नयाँ नियमले पनि प्रस्थानमा मोशाको लेखनलाई अथवा मोशा नै लेखक हुन् भनि दावी गर्दछ (जस्तै: मर्कूस ७:१० १२:२६; लूका २:२२-२३) यदि यो कुराहरू एकै साथ विचार गर्ने हो भने र यो कुराको सन्दर्भ हेर्ने हो भने दृढतापुर्वक यो कुरा स्पष्ट हुन्छ कि प्रस्थानको पुस्तक लेखनमा मोशाको ठुलो जिम्मेवारी थियो, ख्रिष्ट र प्रेरितहरूले प्रस्थानको पुस्तकको विषयमा २५ पटक सम्म उल्लेख गरेका छन् । प्रस्थानको पुस्तक आफैले यो कुराको जोड दिन्छ कि यसका लेखक एउटा शिक्षित व्यक्ति थिए, जसले मिश्र र सिनै दुवैको विषयमा असल तरिकाले जानेका थिए र प्रस्थान प्रत्यक्षदर्शी......(जस्तै ५:६; १५:२७; २५:५) यी सबै कुराले निस्सन्देह मोशा नै लेखक थिए भन्ने कुरालाई देखाउँछ ।

**प्रापक/पाउने व्यक्तिहरू (प्राप्तकर्ता) :**

उत्पत्तिको प्रप्तकर्तामा हेर्नुहोस्

**ऐतिहासिक सन्दर्भ :**

मिश्रको भूमि नै प्रस्थानको ऐतिहासिक केन्द्र मानिन्छ, जुन ठाउँबाट नै हिब्रूहरूको प्रस्थान शुरू भएको थियो र पर्वतहरू हुदै हिब्रूहरूले सिनै पर्वतको यात्राको थालनी गरे । इस्राएलको इतिहास मिश्रको इतिहाससँग जोडिएको छ । विद्वानहरूले मिश्रको यो प्राचीन इतिहासलाई तीन युगमा विभाजन गरेका छन् जसलाई: पूर्ववर्ती अवधि (३५००-३१०० ई.पू), पहिलो राजकिय अवधि (३१००-२६८६ ई.पू) र वंशिक अवधि (२६८६-३२२ ई.पू) को रूपमा उल्लेख गरेका छन् । यी पुस्ताहरूको अवधिहरू धेरै मध्यम/साना अवधिहरूमा टुक्राइएको छ । पहिलो मध्यवर्ती समयको

अन्त्य तिर (प्रस्थानको प्रारम्भिक मितिलाई आधार मान्ने हो भने तलको मिति हेर्नुहोस्) याकूव र तिनका छोराहरू मिश्रमा वस्नका लागि आएका थिए (ई.पू १८७७, उत्पत्ति ४६:६) । युसुफले मिश्रको "प्रदानमन्त्री"को रूपमा फारोको सेवा गरे । यो बाहौं समयकाललाई (यो पुस्तालाई) समृद्ध समयकालको रूपमा मानिन्छ, जसमा कला तथा शिल्पकारीता फस्टाएको थियो । मिश्रले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरे पश्चात् १८ औं वंशकालमा प्रस्थानमा भएका घटनाहरू घटेका हुन्, जव मिश्र राज्यले विदेशीहरूको सहिष्णुताको कपटपूर्ण व्यवहार गर्यो ।[८]

इस्राएल ४३० वर्ष मिश्रमा प्रवासी हुनु परेको थियो (प्रस्थान १२:४०) यस भूमिमा याकूवको प्रवेश १८७६ ई.पू मा सेसोस्ट्रिस तेस्रो (sesostris III) को शासनकालमा (१८७८-१८४१ ई.पू) मा भएको थियो, (Amenehet III) एमेनेहेत तेस्रोको शासनकालमा (ई.पू १८०५) मा युसुफको मृत्यु भयो । "युसुफलाई नचिन्ने राजा" (प्रस्थान १:८) को आधारमा हेर्ने हो भने हिब्रूहरूले पहिलो दुई सय वर्षको अवधिमा विदेशीहरूको शासनमा शान्तिपूर्ण जीवन विताए जहाँ सेमेटिक हेक्ससले मिश्रमा शासन गरे (ई.पू १७३०-१५८०) । हमोसेस (ई.पू १८५०-१५४८)ले १८ औं शासनकालको सुरुवात गरे, र आधिकारिक रूपमा हिब्रूहरू माथि दमन को सुरुवात गर्ने फारो हुन सक्छ । अमेनहटेप प्रथमदेखि वास्तविक प्रस्थानको समयकालमा अमेनहटेप द्वितीय फारो जस्तै नै थिए ( ई.पू १५४८-१५२८) । प्रस्थान १:२२ अनुसार अमनहटेप जो सायद फारो नै थिए, उनले दमनको विकसित रूपको मूल्यांकन गरेका छन् । थूटमोशेस प्रथम (Thutmoses I) (१५२८-१५०८) जो हट्सेप्सट (Hatshepsut) को पिता हुन सक्छन् जसले मोशालाई वचाएका थिए (प्रस्थान २:५) । मिश्र (प्रस्थान ५:१-२) । इस्राएलीहरूसँग सम्वन्धित फारोको पहिचान अन्योलपूर्ण छ र यो रुढीवादी विचार राख्ने व्यक्तिहरूको लागि सम्म पनि वहसपूर्ण अथवा तर्कपूर्ण छ ।

## सामग्री प्रस्तुत गरिएको मिति :

लेखनको मिति धेरै हदसम्म प्रस्थान भएकै मितिमा निर्भर रहेको पाइन्छ । सम्भवत: प्रस्थानको पुस्तक सिनै पर्वतको वसाईको अन्त्यमा, मरुभूमिको यात्रा सकिए लगतै र मोशाको मृत्यु पछि लेखिएको हुनुपर्छ । प्रस्थानको मिति दुईवटा मुख्य धारणाहरूमा केन्द्रित रहेको पाइन्छ : एउटा प्रारम्भिक धारणा  (१४४६ ई.पू) र पछिल्लो धारणा (लगभग १२६६ ई.पू) यी धारणाहरू दुवै वाइवलीय लेखा र पुरातात्विक खोजहरूको मुल्यांकनद्वारा हुन आएको मानिन्छ ।

वाइवलीय लेखा मूख्यतया दुईवटा खण्डहरूमा आधारित छ : १ राजा ६:१ र न्यायकर्ता ११:२६ । १ राजा ६:१ अनुसार इस्राएलमाथि सोलोमनको राज्यको चौथो वर्ष भन्दा ४८० वर्ष सोही वर्ष मन्दिरको पनि समर्पण भएको थियो त्यस भन्दा ४८० वर्ष पहिले प्रस्थानको घटनाहरू भएका थिए । सामान्यतया यस वर्षलाई ९६६ ई.पू मानिन्छ (यद्यपि यो केही व्यक्तिहरूको लागि आलोचना र वहसको विषय हो) परम्परागत रूपमा प्रस्थान ई.पू १४४६ (९६६४८०.१४४६) नै भएको मानिन्छ । ४८० वर्ष वास्तविक वर्षको रूपमा लिइन्छ, यद्यपि तिनीहरू पनि ४० वर्षको प्रत्येक १२ पुस्ताहरू जस्तै मानिन्छन् । उत्पत्ति १५:१३ ले भन्छ, "...यो निश्चय जानीराख की तिम्रा सन्तानले एउटा पराई देशमा परदेशी भएर रहनेछन्, जो उनीहरूको होइन, त्यस देशमा

[८] जोन डी हन्ना, पुरानो नियममा वाइवल ज्ञान कमेन्टरी "प्रस्थान" (हवीटन, आइ एल: विक्टर वुक्स १९८५), १०५-६ ।

उनीहरू दास हुनेछन र चार सय वर्ष" उनीहरू थिचोमिचोमा पर्नेछन् जबकि उत्पत्ति १५:१६ ले भन्छ, "चौथो पुस्तामा तेरो सन्तानहरू यहाँ फर्कि आउँनेछन्..." चारसय वर्षको अवधिलाई चार पुस्ताको रूपमा लिन सकिन्छ । एक "पुस्ता" एक व्यक्तिको उमेर थियो, जब उसको पहिलो सन्तान (कानूनी दृष्टिकोणबाट) जन्मिन्थ्यो-अब्राहामको विषयमा १०० वर्ष (उत्पत्ति २१:५) । चार सय वर्षको अवधि भनेको दासत्वको वर्षहरू थियो, "तब मिश्रमा योसेफलाई नचिन्ने एक जना नयाँ राजाले शासन गर्न थाले" (प्रस्थान १:८) जुन योसेफले परिवारलाई लिएर आएको करिब ३० बर्ष पछि थियो, प्रस्थान १२:४० ले भन्छ, इस्राएलीहरू मिश्रको भूमिमा ४३० वर्ष सम्म बसोबास गरे । यदि यिप्ता ११०० ई.पू मा बाँचेका थिए भने यो "तीन सय वर्ष" को समय अवधि न्यायकर्ता ११:२६ सँग सजिलै मिल्न आउँदछ (न्यायकर्ताको परिचयमा हेर्नुहोस् : मिति) र ४० वर्षको मरुभूमिको जीवन पनि यसमा थपिएको छ । यस बाहेक १८ औं पुस्ताको सम्बन्धमा मिश्रको समय केही हदसम्म अनिश्चित देखिन्छ, हालैका केही अनुसन्धानले पारम्पारिक दृष्टिकोणको समर्थन गरेका छन् कि यस पुस्ताको थूतमोस तेस्रो र उनका छोरा अमुनहटेप दोस्रो क्रमश : फारोको दमन प्रस्थानको पुस्तकमा थियो भनेर भन्छन् जसले २५ वर्षको एक पुस्ता भन्छन, उनीहरूले तेह्रौ शताब्दीको ई.पू को मितिमा विश्वास गर्छन, (१२ह२५.३००) र प्रस्थानको पुस्तकलाई लगभग १२६६ ई.पू मा भएको मानिलिन्छन् । उनीहरूले ४८० वर्षको समयलाई वास्तविक मान्छन् जुन वास्तविक ऐतिहासिक विवरण सँग मेल खाँदैन । उनीहरूले १:११मा भएको नाम (रामसेस)लाई लिएर १९ औं पुस्ता फारो सेती प्रथम र उनको छोरा रामसेस दोस्रोलाई देखाउँछन....(१३०४-१२३८ ई.पू) क्रमश: प्रस्थानको पुस्तकमा फारोको अन्याय भएको थियो । बाइबलीय विवरणमा नाम रामसेस हुनुमा सम्पादकीय नौलोपनको परिणाम हुनसक्छ (जस्तै: उत्पत्ति ४७:११ मा भएको घटना जस्तै) अथवा यसलाई अर्को रामसेस भनेर नाम दिइएको हुन सक्छ । १३ औं शताब्दीमा धेरै कनानी सहरको विनाशको पुरातात्विक प्रमाणले यो प्रमाणित गर्दछ कि यहोशूको सेनाहरूले प्रतिज्ञाको भूमि यही शताब्दीमा आक्रमण गरेका थिए । तथापी शहर आक्रमणकारीहरू र विजय हिब्रूहरू नै थिए भनेर भन्न चाहिँ कठिनाई छ । पहिलो मिति होस् या पछिल्लो मिति होस्, शहर विनाशको पुरातात्विक प्रमाणहरू देखाउन विभिन्न तरिकाले यसको व्याख्या गरेको पाइन्छ ।

मर्नप्ता स्टेला, जसले आफ्नो यो कुराको जानकारी गराउँदछन् कि प्यालेस्टाइनमा इस्राएलीहरूसँग ई.पू १२२० मा फारो मर्नप्ताले लडाइँ गरेका थिए । यसको कारणले प्रस्थानको मिति लगभग ई.पू १२२० मा भनेर मानिलिन सकिन्छ । अर्मना पत्र (लगभग १४००-१३६६ ई.पू) मा उल्लेख गरे अनुरूप हाबिरू जसले दक्षिणी र मध्य प्यालेस्टाइनमा आक्रमण गरे यरूशलेमका राज्यपाल अब्दी हिबा, फारो अखनातन........(१३७७-१३५८ ई.पू) ले हाबिरूको अतिक्रमणबाट बचाउन र विरोध गर्न गुहारको अनुरोध गरेर मिश्रीहरूलाई बारम्बार पत्र लेखेको पाइन्छ । यदि हाबिरू शब्दले इस्राएलीहरू (हिब्रू) जनाउँदछ भने, इस्राएल राष्ट्र प्यालेस्टाइन भूमिमा निकै नै अगाडी हुनुपर्छ, जसमा धेरै विद्वानहरू सहमत हुदैंनन् । यो सम्बन्धित नहुन सक्छ । बाइबलले प्रस्थानमा फारोको नाम बताउँदैन । विस्तारित मिश्रिहरूको लेखाले, युसुफ मोशा, वा प्रस्थानको कुनै उल्लेख गरेको पाईंदैन । पुरातात्विक लेखाहरू विभिन्न तवरले व्याख्या गर्न सकिन्छ । मूख्य कुरा भनेको नै बाइबलको वचनले यसलाई कसरी व्याख्या र लागु गरेको छ भन्ने कुरा महत्वपूर्ण हो ।

**लेखिएको मिति :**

यो पुस्तकले लगभग ८५ वर्ष, मोशाको जन्म देखि सिनै पर्वतमा भेट हुने पालको समर्पण र सम्पन्नता सम्मको समय अवधिलाई ओगटेको पाइन्छ । मोशाले चालिस वर्षको मरूभूमि यात्रा पछि मोआबको मैदानमा उनको मृत्यु हुन भन्दा केही समय अघि मात्र उनले यो लेखेको हुनुपर्छ ।

**ईश्वरशास्त्रीय सन्दर्भ :**

प्रस्थानको पुस्तकले आध्यात्मिक रूपमा अर्थपूर्ण घटनाहरू अथवा महत्वपूर्ण कुराहरूको लेखा राखेको पाइन्छ। यहाँ यी पदहरूले चुनिएका हिब्रू व्यक्तित्वहरूको विवरण दिदँछ र उनीहरू कसरी चुनिएको राष्ट्रमा परिणत भएका थिए भन्ने कुराको पनि विवरण दिन्छ (उत्पत्ति १२:१-३; १५:१३-२१; १८:१८; २२:१८;२६:३-४) । इश्वरीय राष्ट्रमा परिणत हुनु चाहिँ इस्राएल एउटा पुजाहारीहरूको राष्ट्र, पवित्र राष्ट्रमा विकसित हुनु थियो । पुर्खाहरूलाई गरेको प्रतिज्ञाको व्यक्तिगत र पारिवारिक रूपमा एक पछि अर्को गर्दै पुरा भएको अनुभव गरिरहेको अवस्था थियो । प्रस्थानको पुस्तकले सामूहिक घटनाहरू जस्तै इस्राएल राष्ट्रको सुरुवात साथै सामूहिक रूपमा परमेश्वरले गर्नु भएको करारहरूको सामान्य जानकारी दिदँछ । तथ्य चाहिँ यो हो कि सिनै पर्वतमा दश आज्ञाहरू दिनु भन्दा पहिले नै राष्ट्रिय छुटकारा दिनु चाहिँ व्यवस्थाको उद्देश्यलाई बुझ्नको लागि महत्वपूर्ण थियो ।

मिश्रबाट छुट्कारा चाहिँ दुवै (दासत्व) बन्धनबाट छुटकारा र परमेश्वरको आराधाना गर्ने असक्षमताबाटको छुटकारा थियो , जुन उनीहरूले गर्नुपर्थ्यो । क्रिया “छुट्कारा” शब्द ६:६; १५:१३ मा प्रयोग गरिएको छ । तर छुट्काराको मूख्य सिद्धान्त निस्तारको कथा १२ अध्यायमा देखिन्छ र करारको स्थापना २४ अध्याय अनुसार छुट्कारा शब्द प्रस्थानको आधारमा परिभाषित गरिएको हुनुपर्छ, ग्रीक संस्कृति अनुसार होइन जुन प्राय गरिन्छ । प्रस्थानमा छुटकाराको वैकल्पिक र पहिचानयुक्त दुवै आवश्यकता देखिन्छ । खीष्टयन/इसाई विश्वासीहरू हामी उहाँमा बाँचेका छौं (उद्धार गरिएका) उहाँको मृत्युको माध्यमले (प्रतिस्थापन) को रूपमा जसरी रोमी ५:६-२१ मा भनिएको जस्तै; १ कोरिन्थी ५:७ र यूहन्ना १:२९ मा इसाई विश्वासी भएको खण्डमा हामी बचाईएका (उद्धार गरिएका) हामी खीष्ट सँग एक हुन्छौं (पहिचानमा) रोमी ६:१-१० मा उल्लेख गरे अनुरूप) र १ कोरिन्थी १० अध्याय अनुरूप पनि ।

परमेश्वरको स्वभावमा एकदमै गहन अन्तरदृष्टि अध्याय ३; ६:३३-३४ मा पाइन्छ यी पदहरू उहाँको उपस्थितिको वास्तविकता र महत्वमा केन्द्रित छन् (जस्तै; उहाँको नाम परमप्रभु र उहाँको महिमा) तर न्यायिक, सत्यता, दयालु, विश्वासयोग्य र पवित्रता जस्ता विशेषताहरूमा पनि जोड दिएको पाइन्छ । यसैले उहाँको नाम जान्नु नै उहाँलाई र उहाँको स्वभावलाई जान्नु पनि हो ( ३:१३-१५; ६:३) । परमेश्वर, इतिहासका प्रभु पनि हुनुहुन्छ, किनकी त्यहाँ उहाँ जस्तो अरू कोही छैन :“पवित्रतामा, गौरवतामा, अद्धितीय महिमामा, आश्चर्य कामहरू गर्नमा” (१५:११) । त्यसैले न त इस्राएलको दु:ख र नराम्रो विपत्तीहरू उहाँको नियन्त्रण बाहिर थिए । मिश्रका फारो र सबै इस्राएलीहरूले परमेश्वरको शक्ति देखे । त्यसैले आश्वस्त हुनुपर्ने कुरा वा जान्न पर्ने कुरा यो छ की परमेश्वरले हामीलाई सधै सम्झनुहुन्छ र उहाँका जनहरूको बारेमा चिन्ता र वास्ता गर्नुहुन्छ (२:२४ पद) शताब्दी औं पहिले अब्राहाम, इसहाक र याकूबसँग गर्नुभएको प्रतिज्ञा अहिले उहाँले इस्राएलीहरूलाई मिश्रीहरूको दासत्वबाट छुट्ट्याएर प्रतिज्ञाको भूमिमा लैजाने योजना

बनाउनुभयो । सिनै पर्वतमा पुर्खाहरूसँग गरिएको प्रतिज्ञा पूरा हुने अर्को एक चरण हो (३:१५-१७; ६:२-८; १९:३-८) ।

**साहित्यिक विशेषताहरू र संरचना :**

प्रस्थानको संरचना केही हदसम्म सरल छ किनकी यो एक ऐतिहासिक लेखा हो, जुन परिचयको रूपमा १:१-७ सम्म र अन्तिम भागको रूपमा (४०:३६-३८) ले अंकित गरिएको छ । यो हिब्रू मानिसहरूसँग पूर्णतया सम्बन्धित छ, तर उत्पत्तिमा भएका व्यक्तिहरूसँग चाहिँ होइन । प्रस्थानमा मूख्यतया: तीन प्रकारका शैलीहरू समावेश गरिएका छन् :

कथा, कविता र व्यवस्था/नियमहरू । व्यवस्थाहरू राष्ट्रको ऐतिहासिक लेखा भित्र पाइन्छन् । निस्तार चाडको विषयमा व्यवस्था वा नियमहरू (१२:४३-४९) मा पाइन्छ । अखिमिरे रोटीको चाड (१३:३-१०), गर्वको हरेक पहिलो फल (१३:२, ११-१६), मोशाको व्यवस्था अथवा दश आज्ञा (२०:१-१७; २०:२२-२३:३३), पवित्र स्थान सम्बन्धित नियमहरूका (२५-३१ अध्याय) भजनहरू १५ अध्यायमा पाइन्छ । फारो र उनका सेनाहरूको विरूद्धमा परमेश्वरको अलौकिक विजयको उत्सव मनाइएको पाइन्छ । यो पाँच अनुच्छेदमा रचना गरिएको छ (१५:१-५:६; ९-१०, ११-१२, १३-१८) ।

**उद्देश्य :**

यस पुस्तकको मूख्य उद्देश्य भनेको मोशाको अधिनमा अथवा अधिकारमा परमेश्वरको राज्यको सुरुवात देखिको विवरण उपलब्ध गराउनु हो, जुन परमप्रभु परमेश्वरले सबै राष्ट्रहरूलाई आशिष दिनका लागि अब्राहामसँग करारको स्थापना गर्नुभयो र पुरा गर्ने बाटो पनि तयार पार्नुभयो । यो इस्राएलको माध्यमबाट हुनुपर्थ्यो जुन मानिसको सट्टामा परमेश्वरले राज्यको पुर्नस्थापना गर्नुभयो । यस ऐतिहासिक लेखा विवरणले गन्गनाउने, पापी र विद्रोही मानिसहरूलाई परमेश्वरले गर्नुभएको आश्‍चर्यजनक काम र छुट्कारको सम्झना गर्न बाध्य तुल्याउँदछ ।

१. राजकिय छुट्कारा (अध्याय १-१८)
   क. पूर्ण गुणात्मक वृद्धि र छुट्काराको आवश्यकता (अध्याय १)
      प्रतिज्ञा वृद्धि भएको (जस्तै; उत्पत्ति १२:२, १५:५, २२:१७, २८:३, ३५:११) (१:१-७)
      पहिलो चरणको दबाब : जबरजस्ती श्रमशोषण (१:८-१४)
      दोस्रो चरणको दबाब : सुँडेनीहरूको प्रयोग गरेर नाश गर्ने योजना
      तेस्रो चरणको दबाब : पानीमा डुबाउने योजना (१:२२)

   ख. छुट्काराको लागि तयारी, विशेष गरी अगुवाको (२:१-४:२६)
      अगुवाको तयारी : मोशाको जन्म र उपकार (२:१-१०)
      समयमा नै छुट्काराको प्रयास र तयारीको विस्तारित समय अगाडी बढाएको (२:११-२२)
      परमेश्वरले उनीहरूको स्वतन्त्रताको लागि चिच्चाहटको परिणाम स्वरूप उद्धारको योजना बनाउनुहुन्छ, किनभने राष्ट्र दासत्वको अवस्थाबाट भएर तयार भईसकेको थियो । (२:२३-२५)
      छुटकाराकर्ताको रूपमा मोशाको बोलावट (३:१-१०)

मोशा छुटकारा गर्ने व्यक्ति हुन इन्कार, जुन अपमानजनक थियो र त्यस प्रति परमेश्वरको प्रतिक्रिया (३:११-४:१७)

६. अगुवाको परिवारको तयारी गर्दै (४:१८-२६)

येत्रोद्वारा अनुमति (४:१८-२६)

प्रतिरोध र मृत्युको विषयमा चेतावनी (४:२१-२३)

छोराको खाताना (४:२४-२६)

ग. छुटकाराको प्रतिक्रिया (४:२७-११:१०)

हारून र इस्राएलका अगुवाहरूको/एल्डरहरूको सकारात्मक स्वीकार तथा स्वागत (७४:२७-३१)

मोशा र हारूनले प्रभुको नाउँमा नम्रतामा अनुरोध गरेका छन् तर फारोको नकारात्मक स्वागत र प्रतिक्रिया (५:१-१४)

इस्राएलीहरूको बढ्दो कामको भार, मोशा र हारूनलाई जिम्मेवार ठान्दै मोशा र हारूनप्रति उनीहरूको नकारात्मक प्रतिक्रिया (५:१५-२१)।

परमेश्वरले प्रकट गर्नुभएको योजनामा मोशाको आपत्ति (५:२२–२३)।

परमेश्वरको नामद्वारा पुनः निश्चयता (६:१-८)।



आजभोलिको माटोको ईट्टा बनाउने तरिका

इस्राएलीहरूको नकारात्मक प्रतिक्रियाको कारण विरोधाभास कुराहरू खडा भए। ७:९-१२

याकुबको पहिलो तीन सन्तानका बंशावलीहरू यहाँ दिइएको छ। यद्यपि लेवीको मात्र विस्तृत विवरण दिइएको छ, जसद्वारा मोशा र हारूनको “जग” प्रष्ट पार्ने क्रममा, उनीहरूको पुस्ता देखिएको छ (६:२८-७:७)।

फारो र उनको निरन्तर अस्वीकार र निर्णयहरू र संचारको प्रक्रिया प्रकट गरिएको छ। (६:२८-७:७)

९. फारोलाई परमेश्वरद्धारा अधिकारिक स्वर्गीय चिन्हहरू प्रकट गरिएको (७:६-१३)

१०. तीन कष्टदायिक, घृणित अपमानजनक विपत्तीहरूको असर/प्रभाव (७:१४-८:१९)
अ. **पहिलो विपत्ति** : पानी रगतमा परिणत भएको (७:१४-२४)
आ. **दोस्रो विपत्ति** : भ्यागुताहरूको (७:२५-८:१५)
इ. **तेस्रो विपत्ति** : भुसुनाहरूको (८:१६-१९)
११. तीन पिडादायी विपत्तिहरूको असर र प्रभाव (८:२०-९:१२)
अ. **चौथो विपत्ति** : झिंगाहरूको (८:२०-३२)
आ**. पाँचौ विपत्ति** : पशुप्राणीहरू माथिको विपत्ति ।
इ. **छैटौं विपत्ति** : पिलाहरू र खटिराहरूको विपत्ति
१२. तीन (३) विनाशकारी र पिडादायिक विपत्तिहरू :
अ. **सातौं विपत्ति** : असिनाको विपत्ति (९:८-१२)
आ. **आठौं विपत्ति** : सलहको विपत्ति (१०:१-२०)
इ**. नवौं विपत्ति** : अन्धकारको विपत्ति (१०:२१-२९)
१३. दशौं विपत्तिको घोषणा र चेतावनी (११ अध्याय)

घ. मिश्रबाट छुटकारा (१२:१-२५)
१. निस्तार चाड मार्फत करारको राष्ट्रको रूपमा इस्राएलको नियुक्ति (१२:१-१३)

अ. निस्तार चाडको तयारी (१२:१-२८)

अखिमिरे रोटीहरूको चाडको तयारी (१२:१४-२०)

पहिलो निस्तार चाडको उत्सव (१२:२१-२८)

२. मिश्रीहरूको पहिलो जन्मेको सन्तानको मृत्यु तर इस्राएलीहरूको संरक्षण र छुटकारा (१२:२९-३६)

मध्यरातमा मृत्यु (१२:२९-३०)

मिश्रबाट निस्कासन (१२:३१-३२)

मिश्रीहरूको अनुरोध (१२:३३-३६)

३. मिश्रबाट प्रस्थान : पहिलो चरण-उनीहरूको बसोबास क्षेत्रबाट मरुभूमि तर्फ गएको (१२:३६-१२:५१)

सुरुवातको यात्राको विवरण (१२:३६-३९)

मिश्रमा बिताएको समयको साथै परमेश्वरको विश्वासनियता दुवैमा उनीहरूलाई दासत्वबाट छुट्याउने प्रतिज्ञा र निस्तारको रातमा उहाँको सुरक्षाको पहरेदारको सारांश (१२:४०-४२)

निस्तारको रातको सम्झनाको लागि नियमहरू । (१२:४३-५१)

४. जेठो छोराको अभिषेक (१३:१-१६)

हरेक पहिलो जन्मेको सन्तानको समर्पण (१३:१-२)

अखिमिरे रोटीको चाडको व्यवस्था/नियम (१३:३-१०)

जेठो छोराको पवित्रिकरण (१३:११-१६)

५. मिश्रबाट प्रस्थानको दोस्रो चरण-लाल समुद्र पार गरेको (१३:१७-१५:२१)

१. मरूभूमि हुँदै (सुक्कोत देखि एतामसम्म) (१३:१७-२२)

२. लाल समूद्रमा फारो र उनका कर्मचारीहरू पछि लागेका (१४:१-१४)

३. इस्राएलीहरू लाल समुद्र पार गरेर गएका (१४:१५-३१)

४. लाल समुद्र भएर, छुटकाराको रूपमा इस्राएलीहरूको भजन (१५:१-२१)

ङ. उद्धार गरिएको राष्ट्रको रूपमा सिनै पर्वतको यात्रा :

परीक्षाहरूद्धारा उनीहरूलाई छुट्कारा दिलाउने परमेश्वरसँग उनीहरूको करारको तयारी (१५:२२-१८:२७)


माराको तितोपानी (१५:२२-२७)

बट्टाई चराहरू र स्वर्गबाटको मन्ना (१६ अध्याय)

मेरिबामा पानीको प्रावधान (१७:१–७)

अमालेकीहरूसँगको युद्ध (१७:८-१६)

इस्राएलीहरूको व्यवस्थापनको लागि येत्रोको बुद्धिमानी सल्लाह (अध्याय १८)



## आ. सिनै पर्वतमा मोशासँगको करारको स्थापना (१९:१-२४:११)

### क. परमेश्वरद्वारा मोशासँग गरिएको करारको अवधारणा र उपयुक्त पूर्ण तयारी (अध्याय १८)

छुटकारा गरिएको राष्ट्र इस्राएलसँग करार बाँध्नुको मूख्य उद्देश्य भनेको परमेश्वरको आज्ञापालन गर्न सकुन् र यसैबाट उनीहरू परमेश्वरको लागि "बहुमूल्य धन,.....पुजाहारीहरूको एउटा राज्य र एउटा पवित्र जाती" हुन सकुन् भन्नु थियो (१९:५-६) ।

### ख. दश आज्ञाहरू (२०:१-१७)

यहाँ करारका नैतिक सर्तहरू स्पष्ट रूपमा भनिएका छन्

### घ. करारको पुस्तक (२०:२०-२३:३३)

प्रस्तावना : इस्राएलमा आराधनाको विषयमा आधारभूत सिद्धान्तहरू, (२०:२२-२६)

२. इस्राएलीहरूका आधारभूत अधिकारहरू (२१:१–२३:१९)

अ. दासहरूको विषयमा नियम (२१:१-११)

आ. हत्याराहरूको विषयमा नियम (अपहरण र आमा बुबालाई सराप्नु) (२१:१२-१७)

इ. शारीरिक चोटहरूको विषयमा नियम (२१:१८-३२)

ई. भौतिक सम्पत्तिको क्षतिको विषयमा रहेको नियम (जनावर चोरी, मान्यताको हानी नोक्शानी) (२१:३३-२२:१५)

उ. समाजमा नियम/उचित आचरण (२२:१६-३१)

ऊ. न्याय सम्बन्धि नियम र छिमेकीपन (२३:१-९)

ए. चाडहरूमा पवित्रकरणको कानुन (साताका चाडहरू वर्षका र तीनवर्षका भोजहरू) (२३:१०-१९)

उपसंहार : उनीहरू प्रतिज्ञाको भूमि दावी गर्ने क्रमको तयारीमा इस्राएलीहरूको यहोवासँगको सम्बन्ध (२३:२०-३३)

करारको निर्धारण (२४:१-११)

इ. परमेश्वर उनीहरूको विचमा बास गर्नुहुने सम्बन्धमा निर्देशनहरू (२४:१२-४०:३८)

क. यी निर्देशनहरूको प्रकाशको लागि तयारी (२४:१२-१८)

ख. पवित्र स्थान सम्बन्धी निर्देशन (२५-३१ अध्याय)

१. सामाग्रीहरूको सङ्कलन (२५:१-९)

२. पवित्रस्थानमा काठको प्रयोग (२५:१०-४१)

अ. वाचाको सन्दुक र आवरण (२५:१०-२२)

आ. उपस्थितिको रोटी राख्ने टेवल (२५:२३-३०)

इ. सुनको सामदान

३. पवित्रस्थानको संरचना : पर्दा र यसका बनोटहरू (२७ अध्याय)

४. होमबलिको बेदी (२७:१-८)

५. पवित्रस्थानको आँगन (२७:९-१९)

६. सामदानको बत्तिमा तेल (२७:२०-२१)

७. पुजाहारीपन (२८:१-२९:४६)

अ. पुजाहारीको अधिकारिक नियुक्ति : हारून र तिनका छोराहरू (२८:१-५)

आ. पुजाहारीहरूको बस्त्र (२८:६-४३)

इ. पुजाहारीहरूको अभिषेक (२९ अध्याय)

८. पवित्रस्थान अथवा भेटहुने पालमा हुने सेवाको निम्ति निर्देशन (३०:१-३८)

अ. धुपको बेदी (३०:१-१०)

आ. प्रयाश्चितको मोल/जनगणना कर (३०:११-१६)

इ. हात पाउ धुने बाटा (३०:१७-२१)

ई. अभिषेकको तेल (३०:२१-३३)

उ. धुप (३०:३४-३८)

९. पवित्रस्थान बनाउने कारिगरहरूको नियुक्ति (३१:१-११)

१०. बिश्राम दिनको चिन्ह (३१:१२-१७)

११. साक्षीका ढुङ्गाका पाटीहरूको प्रस्तुत (३१:१८)

ग. करारको उलङ्घन र पुर्नस्थापना (३२-३४ अध्याय)

सुनको बाछा (३२:१-२९)

मेशाको विन्ती (३२:३०–३५)


घातक विभाजन र सङ्गति, पुर्नस्थापनाको लागि मोशाको प्रार्थना (३३ अध्याय)

१. करारको नवीकरण/पूर्णस्थापना (३४ अध्याय)

घ. पवित्र स्थान र सम्बन्धित वस्तुहरूको निर्माण र समर्पण (३५-४० अध्याय)

भवनको सुरूवात हुन अघि शबाथ दिनको नियमहरू (३५:१-३)

**भेटहुने पालको संरचणा र त्यसका मापनहरू :**




२. निर्माणको लागि आव्हान (३५:४-१९)

३. पवित्रस्थान निर्माणको लागि स्वैच्छिक भेटीहरू (३५:२०-२९)

४. परमेश्वरको दान वरदानले भरिएका बसलेल र तिनका कारीगारहरू (३५:३०-३६:१)

५. मानिसहरूद्वारा अधिकतम योगदानको कारण यसलाई रोक्नु परेको थियो (३६:२-७)

६. कामको सुरूवात र प्रगति (३७:८-३९:३१)

अ. पवित्रस्थानको निर्माण  (३६:८-३८)

आ. पवित्रस्थानका निम्ति प्रयोग गरिएका सामग्रीहरूको अनुमान  (३८:२१-३१)

इ. महापुजाहारी र अरू पुजाहारीहरूको वस्त्रको निर्माण (३९:१-३१) (मोशाको निर्देशन र आशिष (३९:३२-४३)

८. पवित्रस्थानको निर्माण कार्य सम्पन्न (४०:१-३३)

९. पवित्र स्थानको समर्पण: परमप्रभुको महिमाले पवित्रस्थान भरिएको  (४०:३४-३८)